# नेपाली कफी राष्ट्रिय प्रतिक चिन्ह प्रयोग सम्बन्धी कार्यविधी

## २०६७

## संक्षिप्त टिप्पणी

नेपालमा कफी खेतीको शूरुवात  बि.सं १९९५ मा गूल्मी जिल्लाबाट भएको हो । नेपाली कफीको राष्ट्रिय एवं अन्तराष्ट्रिय बजारमा छूट्टै पहिचान स्थापित गर्नुपर्ने विद्यमान अवस्थामा नेपालले कफी उद्योगको एकीकृत विकास र विस्तारको क्षेत्रमा स्पष्ट कार्यक्रम तथा नीति बनाएर अगाडि बढ्नु पर्ने आवश्यकता महशूस गरी नेपाल सरकारले राष्ट्रिय कफी नीति, २०६० समेत लागू गरिसकेको छ । उक्त नीतिले निर्देशित गरेको कार्ययोजना अनूरुप नेपालबाट उत्पादन हुने राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा निर्यातयोग्य कफीको लागि एक छूट्टै राष्ट्रिय प्रतिक चिन्ह (National Logo) को व्यवस्था गर्नु पर्ने आवश्यकता भए अनुरुप उक्त चिन्ह समेत तयार गरी संम्बन्धित निकायबाट यस वोर्डले स्वीकृति पाइसकेको हुंदा आगामी दिनहरुमा राष्ट्रिय कफी नीति २०६० लाई सफल ढंगबाट कार्यान्वयन गर्दै लैजाने परिवेश कायम भईसकेको अवस्थामा  नेपाली कफी उद्योगको भविष्य ज्यादै उज्वल छ भन्ने विश्वास लिइएको छ ।

नेपालको कफीको कुल उत्पादनको ६० प्रतिशत निर्यात हुने गरेको र नेपाली कफीको गुणस्तरलाई अन्तराष्ट्रिय बजारमा अलग पहिचान सहित सहजरुपमा बजार प्रवर्द्धन गर्नका साथै अनाधिकृत रुपमा नेपाल भित्रिएको र नेपाली कफीको नाममा वाध्य कफीको विक्री हुनबाट समेत वन्चित गर्न नेपाली कफीको राष्ट्रिय प्रतिक चिन्ह प्रयोगमा ल्याउन आवश्यक महशुस गरी नेपाली कफी राष्ट्रिय प्रतिक चिन्ह सम्बन्धी निर्देशिका २०६७ तयार गरिएको छ ।

नेपाली कफीको गुणुतरलाई लाई राष्ट्रिय एवं अन्तराष्ट्रिय बजारमा परिचित गराउने उदेश्यले तयार गरिएको कफीको राष्ट्रिय प्रतिक चिन्ह (National Logo) ले नेपाली कफीको छूट्टै पहिचान स्थापित गर्ने गरी निर्यातमा ठूलो भूमिका खेल्नेछ भन्ने विश्वास लिएर राष्ट्रिय कफी नीति २०६० को दफा ३.३ को संस्थागत व्यवस्था अन्तर्गत निर्देशित नीति अनुरुप नेपाली कफीको राष्ट्रिय प्रतिक चिन्ह राखिने व्यवस्था अनुसार तयार पारीएको Nepal Coffee नामको राष्ट्रिय प्रतिक चिन्ह प्रयोग सम्बन्धी कार्यविधी निर्देशिका २०६७ को व्यवस्था गरिएको छ । प्रस्तावित लोगो प्रयोग गर्न, स्वीकृति लिएका संघ, संस्था, कम्पनी, उद्योग समेतले उक्त लोगो प्रयोग गर्ने सम्बन्धमा यस कार्यविधी निर्देशिकाको परिधी भित्र रहेर Nepal Coffee लोगो प्रयोग गर्न सक्नेछन् ।

# नेपाली कफी राष्ट्रिय प्रतिक चिन्ह प्रयोग सम्बन्धी (कार्यविधी) निर्देशिका
२०६७

**प्रस्तावना**
नेपालको विशिष्ट प्राकृतिक वातावरणमा उत्पादित नेपाली कफीको गूणस्तरलाई परिस्कृत गरी राष्ट्रिय प्रतिक चिन्हको प्रयोग गरी राष्ट्रिय एवं अन्तराष्ट्रिय पहिचान कायम गर्न, प्रचार प्रसार गर्न र अन्तराष्ट्रिय बजारमा नेपाली निर्यातकर्ताको प्रतिस्पर्धात्मक क्षमता बढाउन वाञ्छनीय भएकोले,

राष्ट्रिय चिया तथा कफी विकास वोर्ड ऐन २०४९ को दफा ७१ र राष्ट्रिय चिया तथा कफी विकास वोर्ड कार्य संचालन विनियमावली, २०६६, को विनियम १० को अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरिएको छ ।

## परिच्छेद १

१. **सक्षिप्त नाम र प्रारम्भ**

(१) यस निर्देशिकाको नाम **"**नेपाली कफी राष्ट्रिय प्रतिक चिन्ह प्रयोग सम्बन्धी निर्देशिका, २०६७**"** रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हूनेछ ।

२. **परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) **"निर्देशिका"** भन्नाले नेपाली कफी राष्ट्रिय प्रतिक चिन्ह सम्बन्धी (कार्यविधी) निर्देशिका, २०६७ सम्झनू पर्छ ।

(ख) **"प्रतिक चिन्ह"** भन्नाले दफा ३ को उपदफा १ मा उल्लेखित चिन्हलाई जनाउंछ ।

(ग) **"कफी निर्यातकर्ता"** भन्नाले दफा ५ को काम गर्ने फार्म बुझनुपर्नेछ ।

(घ) **"कफी"** भन्नाले नेपालमा उत्पादन भएको दफा ४ मा उल्लेखित चिन्ह भएको तथा प्याकिङ्ग गरिएको दिउल, धूलो, टूक्रा कफी बुझिनेछ ।

(ङ) **"वोर्ड"** भन्नाले राष्ट्रिय चिया तथा कफी विकास वोर्ड बूझिनेछ ।

(च) **"गुणस्तर"** भन्नाले दफा नं. ३ को उपदफा २ बमोजिमको पदार्थ तथा रसायन भएको निर्धारित कफी बूझिनेछ ।

(छ) **"कफी प्याकीङ्ग** भन्नाले दफा नं ४ बमोजिमको प्याकेट बूझनूपर्दछ ।

(ज) **"फार्म"** भन्नाले स्वदेशी प्रचलित कानुन बमोजिम दर्ता र अनूमती प्राप्त संघ, संस्था, सहकारी कम्पनी समेत बूझिनेछ

## परिच्छेद २

## कफीको लोगो गूणस्तर/प्याकीङ्ग/मान्यता

३. १. **Nepal Coffee को लोगोको परिचय:** नेपाली कफीको राष्ट्रिय प्रतिक चिन्ह देहाय बमोजिम हूनेछ:

(क)




(ख) लोगोमा भएको आकाशको निलो रंगबाट शान्तीको रुप झल्काइरहेको छ भने मध्य भागमा भएको कफीको दाना र हिमालको चित्रले नेपालमा उत्पादीत कफी हिमालको चिसो कफी खेतीको लागी सुहाउंदो हावापानीले गर्दा गूणस्तरीय हूने प्रष्ट्याउछ । तल्लो भागमा रहेको कफीको कपबाट आइरहेको वाफले मन्त्रमूग्ध गर्ने कफीको बास्ना जनाउंछ ।

२. **कफीको गूणस्तर परिधी:** बाहिरी पदार्थ तथा रंग नलगाइएको देहाय बमोजिमको गूणस्तर भएको कफी हूनूपर्दछ:

| क. स | विवरण | नेपाल सरकारले तोकेको परिधि (प्रतिशत) |
|---|---|---|
| क. | सम्पुर्ण भष्म (total ash) (१०० से. तापक्रममा स्थीर तौलमा ल्याई सुकाएको) | ५.५ देखि ८.० प्रतिशत सम्म |
| ख. | उमालेको पानीमा घूलित कुल भष्म (water soluble ash) | सम्पुर्ण भष्मको ४०.० प्रतिशतमा नघटेको |

| | | |
|---|---|---|
| ग. | हाईड्रोक्लोरिक एसिडमा नघूल्ने भष्म (Ash insoluble in dilute HCI) | १.० प्रतिशतमा नबढ्को (सुख्खा तौलको आधारमा) |
| घ. | उद्धृत तत्व (extract obtained by boiling coffee ( १०० से तापक्रममा स्थिर तौलमा ल्याई सुकाएको चियालाई १०० भाग उमालेको पानीमा एक घण्टा सम्म रिफ्लक्स गरी निस्केको उद्धृत तत्व) | ३५.० प्रतिशतमा नघटेको |
| ङ. | घुलनशील भष्मको क्षारीय गुण (Alkalinity या soluble ash (प को आधारमा) | १.० देखि २.० प्रतिशत सम्म |
| च. | केफिन (caffeine) अराविका कफी | १ देखि १.९२ प्रतिशतमा ( सुख्खा तौलको आधारमा) |
| छ. | चिस्यान (Moisture) ग्रिन विन | (बढीमा) १२.५ |

**४. कफीको प्याकिङ्गः** (१) कफी प्याक गर्दा देहायका कुराहरु समावेश हुनुपर्दछः

(क) प्याकेटमा कफीको तौल (Net Weight) र प्याकिङ्ग सामाग्री सहित हूने जम्मा तौल (Gross Weight) स्पष्ट खुलेको हुनुपर्नेछ ।

(ख) प्याक गरिएको कफीको उत्पादन मिति, प्याकेजीङ, उपयोग गर्न सकिने अधिकतम समय, किसिम, ग्रेड र बगान, कारखाना, स्थल, उचाइ, स्पष्ट तोकिएको हूनूपर्नेछ ।

(ग) कफी निर्यात गर्ने फार्मको नाम, ठेगाना स्पष्ट लेखिएको हूनूपर्नेछ

(घ) कफी निर्यात गरिने देशको नाम तथा shipping mark खूलेको हूनूपर्नेछ।

(ङ) रासायनिक मल वा विषादीको प्रयोग गरेको भए तयारी कफीमा रसायनको अधिकतम अवशेषको मात्रा (Meximum Residual Level) उल्लेख गरिएको हूनूपर्दछ ।

(२) कफीको प्याकिङ्गमा देहायको बस्तूको प्रयोग गर्न प्रतिबन्धित हूनेछः

(क) मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने बस्तू तथा रंगको प्रयोग भएमा

(ख) प्याकिङ्ग सामग्रीको रुपमा प्रयोग गर्ने कागज, स्प्रे क्वाइल, जूट, काठको बाकस, अल्मूनियम बाकस टीन आदी मानव स्वास्थ्यमा असर पार्ने खालको भएमा

(ग) लोगो प्रयोग नभएको प्याक

(घ) दफा ४ को उपदफा १ बमोजिम का कूराहरु समाबेश नभएमा

(ङ) समय सापेक्ष नेपाल सरकारले राजपत्र मार्फत तोकेको मापदण्ड भित्र नपरेमा ।

## परिच्छेद ३

### फार्म/शूल्क:

**५. कफी निर्यात तथा लोगोको प्रयोग गर्ने फर्म:** १. देहायका फार्मले राष्ट्रिय अन्तराष्ट्रियस्तरमा कफीको लोगो प्रयोग गर्न र कफी कारोवार गर्न योग्य मानिनेछ:

(क) प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको

(ख) कर प्रयोजनको लागी सम्बन्धित निकायमा दर्ता भएको ।

(ग) खण्ड (क) र (ख) बमोजिम दर्ता भएको फार्म पून: कफी निर्यात प्रयोजनको लागी वोर्डमा दर्ता भएको

(घ) सम्बन्धित निकाय तथा वोर्डमा नवीकरण भएको

(ङ) दफा ६ को कसूरमा प्रतिवन्धित नभएको ।

२. वोर्डमा दर्ता हूने फार्मले अनूसूची १ बमोजिमको दरखास्त फारम भरी अनूसूची २ बमोजिम अनूमती प्राप्त गर्नू पर्नेछ ।

३. वोर्डमा दर्ता हूने फार्मले निवेदन साथ उपदफा १ को देहायको खण्ड (क),(ख),(ग),(घ) को प्रमाण पत्र संम्लग्न गरी दरखास्त दिनूपर्नेछ ।

४. वोर्डले उपदफा (२) र (३) को लागि परेको दरखास्त माथि छानवीन गर्न सक्नेछ र आवश्यक परे थप विवरण माग गर्न सक्नेछ ।

५. बोर्डले दरखास्त परेको ३५ दिन भित्र लोगो प्रयोगको अनूमती दिनेछ । लोगो प्रयोग गर्न नदिनू पर्ने भएमा त्यसको कारण सहित १५ दिन भित्र समबन्धित फार्मलाई वोर्डले जानकारी गराउनेछ ।

६. वोर्डमा लोगो प्रयोगको लागि दरखास्त दिने फार्मले दरखास्त वापत रु ५०। र अनूमती प्राप्त हूने अवस्था भएमा रु १०००। दस्तूर लिई मात्र अनूमती पत्र प्रदान गरिनेछ ।

७. वोर्डबाट अनूमती प्राप्त गरी कफी कारोवार गर्ने फार्मले लोगो प्रयोग गरे बापत INVOICE VALUE को १ प्रतिशत रकम सेवा शूल्क वोर्डलाई बूझाउनू पर्नेछ ।

## परिच्छेद ४

### निरिक्षण/अनूगमन/अनियमिता/कार्यवाही

६, **निरीक्षण तथा अनूगमन:** १. वोर्डबाट दफा ५ बमोजिम अनूमती प्राप्त फार्मले दफा ३ र ४ तथा अनूसुची १ को शर्त तथा प्रक्रिया पूरा गरे नगरेको सम्बन्धमा वोर्डले नेपाल कफी व्यवसायी महासंघ एवं कफी संग सम्बन्धित निकायहरु संग समन्वय गरी निरिक्षण तथा अनूगमन गर्ने प्रावधान मिलाउने छ ।

२. वोर्ड मार्फत खटिने निरिक्षण तथा अनूगमनकर्तालाई सम्बन्धित फार्मले आवश्यक सहयोग गर्नूपर्नेछ र अनूगमन कर्ताले माग गरेको आवश्यक कागजात उपलब्ध गराउनू फार्मको दायित्व हुेछ ।

३. वोर्डले दफा ६ को उपदफा (१) र (२) बमोजिम भएका निरिक्षण तथा अनूगमन प्रतिवेदनका आधारमा फार्मलाई मुल्याकंन गरी सूधार गर्न वा कूनै कार्य गर्न वा नगर्ने निर्देशन दिन सक्नेछ ।

७. **अनियमित ठहर:** (१) फार्मले देहाय बमोजिमको कार्य गरे अनियमित भएको ठहरिनेछ:

(क) दफा ३ र ४ बमोजिमको गुणस्तर तथा प्याकिङ्ग नभएमा

(ख) दफा ४ को उपदफा २ बमोजिमको प्रतिवन्धित सामग्री प्रयोग गरेमा

(ग) लोगोको अनाधिकृत प्रयोग गरेमा

(२) फार्मले अनियमिता गरेको सुचना निरिक्षण तथा अनूगमनकर्ता वा कूनै पनि माध्यमद्धारा प्राप्त गर्न सकिनेछ ।

८. **कार्यवाही तथा जरीवाना:** देहायको अनियमिततामा देहायको कार्यवाही /जरीवाना गर्न सकिनेछ:

(१) दफा ७ को देहायको खण्ड (क) र (ख) को कसूरमा पहिलो पटक लाई रु ५०००। जरीवाना गरिनेछ ।

(२) खण्ड (१) को अनियमिता दोहोरीएमा दोश्रो पटक लाई रु १०,०००।जरीवाना र ६ महिनाको लागि निर्यात गर्न प्रतिबन्ध लगाइनेछ ।

(३) (२) बमोजिमको कसूर पून: भएमा कफी निर्यातमा पूर्ण प्रतिवन्ध लगाइनेछ र उत्पादित कफी जफत गरिनेछ ।

(४) लोगोको अनधिकृत प्रयोग भएको दफा पेटेण्ड डिजाइन र ट्रेडमार्क ऐन २०२२ को दफा २५ बमोजिम हर्जना असूल गरिनेछ र निर्यातमा प्रतिवन्ध लगाइनेछ ।

(५) दफा ६ को उपदफा (२) र (३) बमोजिम आवश्यक कागजात उपलब्ध नगराएमा वा निर्देशन उलंघन गरेमा रु १०००। जरीवाना गरिनेछ ।

९. **सफाइको मौका:** वोर्डले दफा ८ बमोजिम कार्यवाही (१) गर्नूभन्दा अघि फर्मलाई सफाइको मौका दिन सक्नेछ:

१०. **पूनरावेदन:** वोर्डले दफा ८ को अनियमिताको कार्यवाहीमा देहाय बमोजिमको पूनरावेदन लाग्नेछ:

(१) वोर्डले गरेको दफा ८ को उपदफा (१), (२) र(३) को कार्यवाही तथा जरीवानामा नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालयको मन्त्री समक्ष कार्यवाही भएको ३५ दिन भित्र पूनराबेदन गर्न सकिनेछ ।

(२) दफा १० को उपदफा १ बमोजिम परेको उजूरी उपर कृषि तथा सहकारी मन्त्री समक्ष उजूरी परेको ५० दिनभित्र पूनरावेदन निर्णय गर्नूपर्नेछ ।

(३) दफा १० को उपदफा १ पुरावेदन उजूरी वोर्डको कार्यकारी निर्देशक मार्फत दिनुपर्नेछ ।

## परिच्छेद ५

## विविध

**११. पूरस्कार:** (१) दफा ३, ४ र ६ बमोजिमको शर्त पूरा गरेको तथा कार्यको मूल्याकंनको आधारमा फार्मलाई पुस्कार दिइनेछ ।

(२) पूरस्कार पाउने फार्मले दफा ७ बमोजिमको अनियमिततामा दफा ८ बमोजिम कार्यवाहीमा नपरेको हूनूपर्नेछ । कार्यवाहीमा परेको भए उक्त फार्म २ बर्ष सम्मको लागी पूरस्कारका लागी योग्य मानिनेछैन ।

(३) वोर्डले पूरस्कारको लागी फार्मसंग विवरण पेश गर्न आव्हान गर्न सक्नेछ ।

१२. **दस्तूर र शूल्क तोक्न सक्ने:** वोर्डको कार्यकारी समितिको निर्णय बमोजिम दफा ५ को उपदफा ६ को दस्तूर तथा दफा ८ को जरीवानामा परिवर्तन गर्न सकनेछ ।

१३. **बार्षिक प्रतिवेदन:** लोगो प्रयोग गर्ने प्रत्येक फार्मले आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र वोर्डमा आर्थिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१४. **असल नियतले गरेको काम कार्यवाहीको बचाउ:** लोगो प्रयोजनको लागि वोर्डले ऐन, विनियम तथा निर्देशिका बमोजिम असल नियतले गरेको काम कारवाहीको सम्बन्धमा कूनै अदालतमा मूद्धा चलाउने छैन ।

१५. **व्याख्या गर्ने अधिकार:** यस निर्देशिकाको व्याख्या गर्ने अधिकार वोर्डको कार्यकारी समितिमा हुनेछ ।

१६. **वाधा अडकाउ फूकाउ:** यस निर्देशिका सम्बन्धमा कूनै वाधा अडकाउ परेमा कफी नीति र निर्देशिकाको भावनाको प्रतिकूल नहूने गरी वोर्डको कार्यकारी समितिले वाधा अडकाउ फुाउन आवश्यक निर्णय गर्न सक्नेछ ।

१७. **निर्देशिका संसोधन/खारेज:** यो निर्देशिका संसोधन गर्नू पर्ने भएमा वा खारेज गरी पून अर्को निर्देशिका निर्माण गरी लागू गर्नू पर्ने भएमा नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालयको स्वीकृतिमा संसोधन वा खारेज गर्न सकिनेछ ।

**दरखास्त फाराम**
**अनूसचि १**

(राष्ट्रिय कफी नीति कार्यान्वयन निर्देशिका नं ५.०२ संग सम्बन्धीत)

श्री राष्ट्रिय चिया तथा कफी विकास वोर्ड
..............................कार्यालय
.......................................।

**विषय : कफीको लागि NATIONAL LOGO प्रयोग गर्ने स्वीकृति पाऊं ।**

उपरोक्त विषयमा कफीलाई स्थानीय बजारमा विक्री गर्न तथा निर्यात गर्ने सिलसिलामा वोर्डको अनूमतिमा प्रयोग गर्न पाउने NEPAL COFFEE नामक लोगो प्रयोग गर्न देहाय वमोजिमको आवश्यक विवरण सहित निवेदन पेश गरेको छु ।

**विवरणहरु:**
१. कारोवार हुने कफीको
(क) किसिम.............
(ख) परिमाण ...............
(ग) ग्रेडहरु

**परिमाण**

१।
२।
३।
४।
५।
(घ) उत्पादन/कारखाना स्थल:
(ङ) आफ्नो वगान क्षेत्रफल/कारखाना नभए कफी खरिद गरेको कारखाना वा कम्पनीको नाम :

निवेदक
नाम:
ठेगाना:
कम्पनी:
वोर्ड द.नं
मिति:

**संलग्न कागजातहरु:**
(क) कफी गूणस्तर सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि ।
(ख) दस्तुर बुझाएको भरपाईको प्रतिलिपि ।
(ग) उत्पादकहरुको प्रतिनिधीमूलक संस्थाको सिफारिश /प्रमाण पत्र ।

## अनूसूची २

**विषयः** लोगो प्रयोग गर्ने अनूमति प्रदान

**श्री**

प्रस्तुत विषयका सम्बन्धमा तपाईले राष्ट्रिय कफी नीति कार्यान्वयन निर्देशिका नं ५.०२ संग सम्बन्धित कफी लोगो प्रयोग गर्न अनुमती माग गर्नु भए अनुसार नेपालमा उत्पादीत कफीको राष्ट्रिय एवं अन्तराष्ट्रिय स्तरमा कफीको कारोवार गर्नका लागि नेपाली कफी राष्ट्रिय प्रतिक चिन्ह प्रयोग सम्बन्धि निर्देशिका २०६७ ले दिएको प्रावधान अनुरुप नेपाल कफी नामक लोगो प्रयोगको लागि स्वीकृती प्रदान गरिएको छ ।

स्वीकृती दिने अधिकारीः

दस्तखतः

नामः

पदः

मितिः

## अनूसूची ३

लोगो प्राप्त गरी कफी निर्यात गर्ने कम्पनीले प्रत्येक आ.ब. वोर्डमा उपलब्ध गराउनु पर्ने विवरणहरु

**विवरण**

| **क.स** | **विवरण** | **कैफियत** |
|---|---|---|
| | उत्पादन तथा निर्यातका लागि | |
| १ | मलको विवरण<br>(क)<br>-<br>-<br>(ख)<br>-<br>- | |
| २ | उत्पादित कफीको परिमाण<br>-<br>-<br>- | |
| ३ | निर्यात गरेको कफीको परिमाण र ग्रेडहरु<br>-<br>- | |
| ४ | क. निर्यातबाट प्राप्त रकम रु:<br>ख. नेपाल सरकारबाट प्राप्त सुविधा: रकममारु: | |
| ५ | कम्पनी वा फर्मको रोजगारी विवरण<br>: कर्मचारी संख्या<br>: स्थायी श्रमिक संख्या<br>: अस्थायी श्रमिक संख्या | |
| ६ | कफी निर्यात गर्दा देखापरेका प्रमूख समस्याहरु:<br>-<br>- | |

विवरण पेश गर्नेको
नाम:
सहि:
कम्पनी:
छाप:

**<u>अन्य केही भए</u>**

| **क.स** | **विवरण** | **परिमाण (Quantity)** |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |